# आर्थिक वर्ष २०८३।०८४ को

# बजेट बक्तव्य

# गन्यापधुरा गाउँपालिका

## गणेशपुर, डडेल्धुरा

## २०८३

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

www.ganyapadhuramun.gov.np

ईन्द्र बहादुर कार्की
अध्यक्ष

## गन्यापधुरा गाउँपालिकाको आ. व. २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम

**आदरणीय सभाध्यक्ष महोदय,**

१. गन्यापधुरा गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय बाइसौं गाउँ सभाको दोस्रो बैठकमा गन्यापधुरा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट प्रस्तुत गरिरहँदा गौरव महशुस गरेको छु । विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभूति गरिरहेका छन् । यस गौरवपूर्ण अवसरमा अहिले सम्मका जन आन्दोलन लगायतका सबै संघर्षहरुमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाईते नागरिकहरु प्रति सम्मान प्रकट गर्दछु ।

२. राजनीतिक रुपमा नेपालले ऐतिहासिक फड्को मारेको अवस्थामा स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ । अब यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहाना अनुरुप अबको हाम्रो बाटो भनेको जनताको जीवनमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउनु हो ।

३. सबै गाउँपालिकावासी जनताको लागि मर्यादित काम, न्युनतम खाद्य सुरक्षा, आधारभुत शिक्षा, आधारभुत स्वास्थ्यको सुविधा, खानेपानी र आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको उपलब्धता गराउनु प्रमुख ध्येय रहेको छ ।

४. चालु आर्थिक वर्षका लागि गन्यापधुरा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको दरिलो आधारशिला निर्माण भई आर्थिक वृद्धि, गरिवी निवारण, रोजगारीका अवसर तथा नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल देखिन थालेको छ । सबै नागरिकका लागि रोजगार सेवा केन्द्र मार्फत काम र रोजगारीका अवसर सिर्जना, आधारभुत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चित हुँदै गएको छ ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त निर्देशन र मार्ग दर्शन, गाउँसभा सदस्यज्यूहरुले दिनु भएका सुझावहरुलाई मार्ग दर्शनको रुपमा लिईएको छ । गाउँपालिकाका राजनीतिक दल, संघ संस्था, बुद्धिजीवी वर्ग, नागरिक समाज र आम गाउँपालिकावासी दाजुभाई दिदी बहिनीहरुबाट प्राप्त सुझावहरुलाई समेत ध्यान दिईएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु ।

१. यस गाउँपालिकाले चालु आर्थिक वर्षमा कुल बजेट सीमा संशोधन सहित **रु. ४८,२२,३७,९२८। (अक्षेरेपी अठ्चालिस करोड बाइस लाख सैतीस हजार नौ सय अठ्ठाइस रुपैया मात्र**) रहेको थियो । गाउँपालिकाको कुल बजेट मध्ये चालुतर्फ रु.२९,३१,५५,६४२।- **(अक्षेरेपी उन्तीस करोड एकतीस लाख पचपन्न हजार छ**



गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

**सय बयालिस रुपैया मात्र**) र पुँजीगततर्फ **रु. १८,९०,८२,८८६।- (अक्षेरेपी अठार करोड नब्बे लाख बयासी हजार आठ सय छयासी रुपैया मात्र**) विनियोजन गरिएको थियो ।

२. यस गाउँपालिकामा हालसम्म गाउँ सभाबाट ११ वटा ऐन र गाउँ कार्यपालिकाबाट ४ नियमावली र ४९ मापदण्ड सहित अन्य नीति तथा निर्देशिका तयार गरिएको छ ।

८. गाउँपालिकालाई राष्ट्रिय राजमार्गसँग जोड्ने रडुवा-कलारीमाडौं-बडाल सडकको ५ कि. मि. खण्ड र गाउँपालिकाको वडा नं. १ को भात्काँडादेखि बडाल जोड्ने सडक स्तरोन्नती भएको छ । यसैगरी सकायल-कैलपालमाडौं सडक, कोराल-रेल सडक तथा अन्य मुख्य सडकहरुलाई स्तरोन्नती गर्ने कार्य भएको छ । खानेपानीलाई एक घर एक धाराका रुपमा सञ्चालन गर्ने कार्य अनुरुप ७५% जनता आफ्नै घरको धाराबाट पानी उपभोग गरिरहेका छन ।

९. बाँझो जमिनको सदुपयोग गर्दै थप १५० रोपनी जमिन खेतीयोग्य जमिनमा परिणत भई कृषि कार्य भइरहेको छ । प्लाष्टिक टनेल संरचनाभित्र तरकारी खेतीमार्फत ७ वटा तरकारी पकेट क्षेत्र निर्धारण गरी ३४ वटा फलामे घर र ८५ वटा बाँसका घर निर्माण गरी तरकारी खेती भइरहेको छ । सुन्तला तथा अन्य जातको फलफुलको करिब १४५ रोपनीमा क्षेत्रमा विस्तार गरी व्यावसायिक फलफुल खेतीमा जोड दिइएको छ । आलु क्षेत्रको विस्तारसँगै ५० प्रतिशत अनुदानमा करिब ४९५ रोपनीमा आलु क्षेत्र विस्तार भएको छ ।

१०. जनताको स्वास्थ्यसँग सम्बन्धित कुरालाई उच्च प्राथमिकतामा राखी १० शैया आधारभूत अस्पतालमा एम बि बि एस डाक्टर सहितको सेवा सुचारु गरेको छ । ग्रामिण क्षेत्रमा स्वास्थ्य सविधा पुऱ्याउनका लागि सामुदायिक स्वास्थ्य इकाईहरुको स्थापना गरिएको छ । सबै स्वास्थ्य संस्थाहरुमा पर्याप्त मात्रामा औषधीको व्यवस्था हुनुका साथै आवश्यक पर्ने प्रयोगशालाहरुको पनि स्थापना गरिएको छ ।

१३. भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्नका लागि सबै वडामा जग्गा नापजाँच कार्य सम्पन्न भएको छ । त्यसै गरी वडा नं. ५ का ४५ घरधुरीलाई लालपुर्जा वितरण कार्य सम्पन्न भएको छ भने ४ नं. वडामा पनि लालपुर्जा वितरण गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

१४. गाउँपालिका र जनताको सम्बन्धमा सुधार आएको छ । आफ्ना गुनासाहरु स्थानीय सरकारसँग राख्न सक्ने भएका छन् र त्यस्ता गुनासा तथा समस्याको सुनुवाइ पनि तत्काल हुने गरेको छ । जनताका स-साना समस्यालाई समयमै सम्बोधन गरी स्थानीय सरकारको अनुभूति दिलाएको छ ।

१५. गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन गाउँपालिका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरेको छ । गाउँपालिकाको कामकारवाहीलाई व्यवस्थित गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा आएको छ ।

१६. प्रशासनिक कार्यलाई अझ चुस्त दुरुस्त बनाउनका लागि गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको र ४ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लगि ठेक्का प्रकिया भई आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेलधुरा
सुदूरपश्चिम प्रदेश, नेपाल



ईन्द्र बहादुर कार्की
अध्यक्ष

१७. आर्थिक वर्ष २०८२।०८३ मा गाउँ सभाबाट पारित योजनाहरु तथा संघ सरकार र प्रदेश सरकारबाट प्राप्त भएका सबै योजनाहरु समयमै सम्पन्न भएका छन् । स्थानीय तवरबाट सम्पन्न हुने योजनाहरुको काम समयमै सम्पन्न र गुणस्तरीय हुने भएकाले जनताले नजिकको सरकारको महसुश गरेका छन् ।

१८. विपद्‌बाट क्षति भएका घरहरुलाई विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुननिर्माण तथा पुर्नस्थापना अनुदान कार्यविधि, २०८१ अनुरुप घर ८ वटा घरका लाभग्राहीको दोस्रो किस्ताका लागि पहल भएको छ ।

१९. गाउँपालिकाले विगत वर्षहरुमा झै आफ्नो आन्तरिक आय लक्ष्यअनुरुप नै संकलन गर्दै गएको छ । आर्थिक वर्ष २०८२।०८३ मा रु. ५२ लाख राजश्व संकलन गर्ने लक्ष्य गाउँपालिकाले राखेकोमा सो लक्ष्यको नजिक पुग्ने अवस्था रहेको छ ।

२०. यस गाउँपालिकाले गत आर्थिक वर्षको LGPAS मा ६७.०६ अङ्क प्राप्त गरेको छ । महालेखा परीक्षकको प्रतिवेदन अनुसार यस गाउँपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ को कूल बेरुजु ०.२९ प्रतिशत कायम रहेको छ ।

**आदरणीय अध्यक्ष महोदय,**

**अब म अगामी आर्थिक वर्ष २०८३।०८४ को गन्यापधुरा गाउँपालिकाको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटका मूलभुत उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :-

क) महामारीको संक्रमण लगायत सबै प्रकारका रोग, प्राकृतिक तथा गैर प्राकृतिक विपद्‌हरुको रोकथाम, नियन्त्रण तथा न्यूनीकरणमा विशेष ध्यान दिदै गाउँपालिकाका नागरिकको जीवन रक्षा गर्ने ।

ख) कृषिमा आत्मनिर्भरता हासिल गर्न उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार ल्याउने ।

ग) लघु उद्यम सम्बन्धी कार्यक्रम तथा गाउँपालिका मार्फत सीपमूलक क्षमता विकास गरी आय आर्जनका साथै रोजगार सिर्जना गरी आत्मनिर्भर बनाउने ।

घ) शिक्षामा सबै बालबालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

ङ) गाउँपालिकामा आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारहरुको निर्माण गरी नागरिकलाई विकासको अनुभूति गराउँदै सुखी, खुशी, समृद्ध र समुन्नत बनाउने ।

च) जनतालाई केन्द्रमा राखी चुस्त, दुरुस्त र प्रभावकारी र प्रविधिमैत्री सेवा प्रवाह गरी सुशासनयुक्त गाउँपालिका निर्माण गर्ने ।

छ) राजश्व संकलनलाई स्रोतबाट व्यवस्थित र पारदर्शिता कायम गर्दै राजस्व चुहावटलाई निर्मूल गरी आन्तरिक राजश्व वृद्धि गर्ने ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल



ईन्द्र बहादुर कार्की
अध्यक्ष

ज) नागरिकको मौलिक हक र अधिकारको प्रभावकारी कार्यान्वयन मार्फत गाउँपालिकाको भूमिका वृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय,**

**आगामी आर्थिक वर्षको बजेटको उद्देश्य परिपूर्तिको लागि देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :**

क) आर्थिक रुपमा गरिबीमा रहेका र सामाजिक रुपमा पिछडिएका वर्ग र समुदायका नागरिकलाई तत्काल राहत पुग्ने कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

ख) स्वदेशमा र विदेशमा रोजगारी गुमाएका व्यक्तिको आयआर्जन बढाई आत्मनिर्भर बनाउन उनीहरुमा रहेको ज्ञान सीप र क्षमताको प्रयोग गरी कृषि तथा गैर कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने क्षेत्रमा गाउँपालिका स्तरमा विकासका कार्यक्रमहरु लक्षित गरिएको छ ।

ग) स्थानीय सीप स्रोत र साधनमा आधारित लघु तथा साना उद्योग तथा व्यवसाय प्रवर्धन गरी रोजगारी तथा स्वरोजगारी मार्फत आय आर्जन वृद्धि गर्न सबै क्षेत्रको सहभागितामा विभिन्न किसिमका तालिम तथा सीपमूलक तालिम सञ्चालनलाई प्राथमिकतामा राखिएको छ ।

घ) कानूनको शासन, सेवाको प्रभावकारिता, उत्तरदायित्व र विकासमा नागरिकको प्रत्यक्ष संलग्नता मार्फत नागरिकलाई आफ्नै माटोमा केही गरौं भन्ने सोच भएकाहरुलाई कृषि क्षेत्रमा अग्रसर गराई कृषि सामग्री तथा प्रतिफल तथा उत्पादनमा अनुदान प्रदान गरी उत्पादनमा वृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यीनै उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

यस गाउँपालिकाम आन्तरिक राजश्व जुटाउने सम्भावना कम रहेकोले नेपाल सरकार एवम् प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय सामानीकरण अनुदान, राजश्व बाडफाँडबाट प्राप्त हुने रकम, सर्शत अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक आयको रकमलाई आधार मानी प्रस्तुत बजेट तयार गरिएको छ । अब म क्षेत्रगत रुपमा विनियोजन गरिएको बजेट रकम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**शिक्षा तर्फः**

१. गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रलाई चलायमान बनाउँदै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण सहयोग अनुदानका लागि रु. ३२ लाख विनियोजन गरेको छु ।

२. प्राविधिक शिक्षा तथा उच्च शिक्षा अध्ययनरत र आर्थिक अभावमा अध्ययन गर्न नसक्ने जेहेन्दार तथा विपन्न विद्यार्थीहरुको लागि गाउँपालिका अध्यक्ष अभिभावकत्व छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न रु. १० लाख बजेट विनियोजन गरेको छु ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष

३. विद्यालयका शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको लागि रु. ७३ लाख ७८ हजार बजेट विनियोजन गरेको छ ।
४. विद्यालय तथा बालविकास केन्द्रलाई आवश्यकतामा आधारित शैक्षिक तथा भौतिक सुधार अनुदानका लागि रु.१२ लाख विनियोजन गरेको छ ।
५. सर्वोत्कृष्ट नतिजा ल्याउने कक्षा ८, १० र १२ का सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पुरस्कार, कक्षा ८, १० र १२ मा सर्वोत्कृष्ट सिकाइ उपलब्धी ल्याउने सामुदायिक विद्यालयलाई पुरस्कार वितरण तथा शैक्षिक गुणस्तर मापदण्डका उत्कृष्ट विद्यालय, बालविकास केन्द्र, शिक्षक, कर्मचारी, अभिभावक र पदाधिकारीलाई सम्मान गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
६. सूचना प्रविधि तथा कृतिम बुद्धिमता **(AI)** को प्रयोगबाट शिक्षण सिकाइमा सहजीकरणका लागि शिक्षकहरुलाई तालिमका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छ ।
७. पालिकास्तरीय रुपमा सञ्चालन हुने आधारभुत तहको परीक्षालाई यथार्थपरक बनाउन परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि रु. ७ लाख बजेट विनियोजन गरेको छ ।
८. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यक्रम लेखन, छपाई तथा वितरण गर्ने कार्यका लागि रु. १२ लाख विनियोजन गरेको छ ।
९. गाउँपालिकाको समग्र शैक्षिक गतिविधि सञ्चालन तथा व्यवस्थापन गर्नका लागि रु. ६२ लाख ६० हजार विनियोजन गरेको छ ।
१०. नेपाल सरकार सर्शत अनुदान मार्फत शिक्षा विकास तथा अन्य कार्य सञ्चालन हुने कार्यक्रमका लागि रु. १२ करोड ७२ लाख बजेट विनियोजन गरेको छ ।

**स्वास्थ्यः**

१. आधारभूत अस्पताललाई अझ व्यवस्थित बनाउनका लागि आधारभुत अस्पतालका लागि आवश्यक अत्यावश्यक उपकरण खरिद तथा जडान लगायतका कार्यक्रमका लागि सङ्घीय सरकार र प्रदेश सरकारको विशेष अनुदान मार्फत रु. १ करोड ८७ लाख बजेट विनियोजन गरेको छ ।
२. आधारभूत अस्पतालमा कर्मचारी आवास निर्माणका लागि रु. ४० लाख बजेट विनियोजन गरेको छ ।
३. आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन, स्वास्थ्य चौकीहरु तथा बर्थिङ सेन्टरको व्यवस्थापन तथा स्वास्थ्य क्षेत्रको समग्र सुधारको लागि रु. १ करोड ७१ लाख बजेट विनियोजन गरेको छ ।
४. स्वास्थ्य चौकीहरुमा आम नागरिकहरुका लागि तोकिएको औषधीहरु निःशुल्क वितरण गर्न तथा दीर्घ रोगीहरुका लागि निःशुल्क औषधी प्रदानका लागि आवश्यक फार्मेसी सञ्चालनका लागि रु. १९ लाख विनियोजन गरेको छ ।
५. गाउँपालिकाभित्र लागू पदार्थको प्रयोगलाई नपरुत्साहित गर्न तथा सचेतनाका लागि दुर्व्यसनी विरुद्धको कार्यक्रम सञ्चालन गर्नका लागि रु. ५ लाख विनियोजन गरेको छ ।
६. यस गाउँपालिकाको वडा नं ४ मा रहेको कैलपालमाडौं स्वास्थ्य चौकी भवनको छाना मर्मतका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छ ।
७. गाउँपालिकामा रहेका दीर्घ रोगीहरुलाई उपचारमा सहुलियत प्रदान गर्न र एच आई भि संक्रमित व्यक्तिहरुको जीविकोपार्जन कार्यक्रमका लागि रु. ३ लाख १० हजार बजेट विनियोजन गरेको छ ।



मेल्पापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

८. पूर्ण रुपमा संस्थामा हुने सुत्केरी अभियानलाई थप प्रभावकारी बनाउनको लागि निःशुल्क घुम्ती ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
९. स्वास्थ्य प्रवर्धनात्मक आयुर्वेदिक औषधी खरीद तथा योग शिविर सञ्चालनको लागि नागरिक आरोग्य सेवा केन्द्रलाई रु. १० लाख बजेट विनियोजन गरेको छु ।
१०. उपाध्यक्षसँग टुहुरा, ज्येष्ठ नागरिक, एकल महिला तथा संस्थागत सुत्केरीलाई पोषण खर्च कार्यक्रमका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
११. स्वास्थ्य क्षेत्रको कार्यक्रम अन्तरगत नेपाल सरकारबाट सर्शत अनुदान मार्फत रु. ४ करोड ५९ लाख बजेट विनियोजन गरेको छु ।

**उद्योग, पर्यटन तथा धर्म सँस्कृति प्रवर्धनः**

१. गाउँपालिकामा लघु उद्यम सम्बन्धी कार्यक्रम संचालन गरी लघु उद्यमी सिर्जना गरी स्वरोजगार बन्नका लागि नेपाल सरकार सर्शत अनुदान तथा गाउँपालिकाको साझेदारीमा रु. १३ लाख बजेट विनियोजन गरेको छु ।
२. गन्यापधुरा गाउँपालिकाभित्र रहेका विभिन्न धार्मिक स्थल, चौतारा, नौला तथा सांस्कृतिक सम्पदाहरुको संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. यस गाउँपालिकाको वडा नं. रहेको भुमीदेउली मन्दिरमा जाली सहितको पर्खाल निर्माण गर्न, वडा नं. ३ मा रहेको भवानी र समैजी मन्दिरको घेरवार निर्माण गर्न लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु ।
४. गन्यापधुरा गाउँपालिकाको वडा नं.२ मा रहेको भूमिदेउली देउघर निर्माण गर्नका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।
५. पवित्र क्षेत्र गहनानमा विविध संरचना निर्माण गर्नका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
६. यस क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुको विकास र पर्यटन पूर्वाधार निर्माणतर्फ रु. ९६ लाख बजेट विनियोजन गरेको छु ।
७. गन्याप शिखर पर्यटन पूर्वाधार तथा पदमार्ग निर्माणका लगि प्रदेश विशेष अनुदान अन्तर्गत रु. २७ लाख ८६ हजार बजेट विनियोजन गरेको छु ।
८. गन्यापधुरा धार्मिक तथा कृषि पर्या पर्यटन सम्भाव्यता अध्ययनका लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु ।

**युवा तथा खेलकुदः**

१. विद्यालय तहदेखि नै खेलकुदलाई अनुशासित र मर्यादित बनाई युवाहरुको खेलप्रतिको प्रतिभा प्रस्फुटन गराउन सञ्चालन हुने गाउँपालिका स्तरीय रनिङ सिल्ड प्रतियोगिताको व्यवस्थापनको लागि रु. १३ लाख विनियोजन गरेको छु ।
२. गाउँपालिकामा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा अन्यत्र सञ्चालन हुने खेलकुद प्रतियोगितामा खेलाडीहरुको सहभागिताको लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।
३. प्रदेशस्तरीय रेफ्री तथा प्रशिक्षक प्रशिक्षण सेमिनारका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।



गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

४. गाउँपालिकाको सदरमुकाममा पालिकास्तरीय खेलकुद पूर्वाधार निर्माण गर्न सङ्घीय सरकार तथा प्रदेश सरकारसँगको समपूरक अनुदान सहित लागत साझेदारीमा रु. २ करोड २० लाख बजेट विनियोजन गरेको छु।

**कानून न्याय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणः**

१. लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धारका लागि लैङ्गिक हिंसा कोष खडा गरी कोष मार्फत हिंसामा परेका व्यक्तिहरुको उद्धार गर्न लैङ्गिक हिंसा कोषमा आवश्यक रकम विनियोजन गरेको छु।

२. गाउँपालिकामा रहेका युवाहरुलाई सीपका माध्यमबाट स्वरोजगार बन्न प्रेरित गर्नका लागि युवा लक्षित सीप विकास कार्यक्रमका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

३. ज्येष्ठ नागरिक परिचय पत्र वितरण तथा जीवनयापनमा सहजताका लागि संघीय सरकारको साझेदारी सहित रु. ७ लाख बजेट विनियोजन गरेको छु।

४. गाउँपालिकामा रहेका पूर्ण अपाङ्ग व्यक्तिहरुको दैनिक जीवनयापनमा सहजताका लागि संघीय सरकारको साझेदारी सहित रु. ६ लाख बजेट विनियोजन गरेको छु।

५. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गर्न महिला तथा लक्षित बर्ग कार्यक्रमका लागि रु. १९ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

६. न्यायिक समिति तालिम पुर्नताजगी तालिम, मेलमिलाप केन्द्र गठन तथा सुदृढीकरण तथा बुहसरोकारवाला द्वन्द्व रुपान्तरणका क्षेत्रमा कार्यरत व्यक्ति संघ संस्थालाई समेत सहभागिता गराई बहुसरोकारका क्षेत्रका विवाद, तथा सार्वजनिक चासोका सवालका विवादहरु समाधान गर्ने कार्य थप प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न रु. ८ लाख विनियोजन गरेको छु।

७. समाजमा पछि परेका वर्गहरुको उत्थान र विकासका लागि क्षमता विकास तथा अन्य कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**आर्थिक विकासः**

१. खाद्यान्नका नयाँ जातको बिउ, दलहन बिउ तथा मिनिकिट वितरणका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।

२. पचास प्रतिशत कृषकहरुको साझेदारीमा आलुमा अनुदान वितरण तथा आलु भण्डारमा अनुदानका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु।

३. अर्गानिक र जैविक खेती तथा विषादी रहित तरकारी उत्पादन गर्न र बिषादी न्यूनीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४. उद्यमी किसानहरुको बजार बजारीकरणमा सहयोग पुऱ्याउने कार्यक्रमका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु।

५. कृषि बिमा, कृषक सम्मान तथा तरकारी बाली प्रवर्धन लगायत कार्यका लागि रु ७. लाख बजेट विनियोजन गरको छु।



ईन्द्र बहादुर कार्की
अध्यक्ष

६. कृषिमा आत्मनिर्भर बनाउन मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागि क्षमता विकास कार्यक्रमका साथै प्लाष्टिक पोखरी तथा टनेलहरु अनुदानमा वितरण गरिने व्यवस्था मिलाएको छु ।

७. कृषिमा आधुनिक प्रविधिको प्रयोग बढाउन ५० प्रतिशत अनुदानमा हाते ट्रेक्टर, सिडविन, थ्रेसर जस्ता कृषि उपकरण वितरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८. गाउँपालिकामा सञ्चालित कोल्ड स्टोर व्यवस्थापन तथा सञ्चालनका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

९. गन्यपधुरा गाउँपालिकामा रहेका छाडा चौपाया उचित व्यवस्थापनका लागि गुयलाखाली गौशालामा विविध संरचना निर्माणका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

१०.बाली संरक्षण कार्यक्रम अन्तर्गत रोग किरा नियन्त्रण तथा बाली व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु **।**

११. उत्पादन तथा व्यावसायिकताका लागि उत्पादनमा आधारित बंगुर प्रवर्धन कार्यक्रमका लागि रु. २ लाख बजेट विनियोजन गरेको छु ।

१२. पशुपंछी खोप, महामारी विरुद्धको खोप तथा अत्यावश्यक (रेबिज खोप) खरिद र औषधी खरीदको लागि रु.९ लाख बजेट विनियोजन गरेको छु ।

१३.गन्यापधुराको कृषि क्षेत्र तथा पशुपन्छी विकास क्षेत्र सम्बन्धी सम्पूर्ण कार्यक्रमको लागि रु. ७० लाख ४८ हजार विनियोजन गरेको छु ।

१४.भूमि व्यवस्था तथा गरीबी निवारण कार्यक्रमका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

१५. यस गाउँपालिकाबाट भईरहेको बाह्य बसाईसराई दरलाई न्यूनीकरण गर्नका लागि अन्यत्र पालिकाबाट यस गाउँपालिकामा बसाईसराई गरी आउनेहरुका लागि **गाउँ फर्क अभियानका** लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

१६.गन्यापधुरा गाउँपालिका रहेका बेरोजगार व्यक्तिहरुलाई कम्तिमा १०० दिनको रोजगारी सिर्जना गर्ने कार्यका लागि सङ्घीय सरकारको सर्शत अनुदान र गाउँपालिकाको लागत साझेदारीमा रु. २२ लाख बजेट विनियोजन गरेको छु ।

**सडक तथा पुल पूर्वाधारः**

१. यस गाउँपालिकाको प्रशासनिक कार्यालय रहेको प्रशासकीय भवनसम्म **RCC** बाटो निर्माणका लागि बडाल बजारदेखि प्रशासकीय भवनसम्म बाटोका लागि रु**.** ३० लाख बजेट विनियोजन गरेको छु ।

२. गन्यापधुरा गाउँपालिकाको वडा नं ५ मा रहेको ठुलीखाली देखि फुलारा गाउँ विमानसम्म सडक निर्माणका लागि रु**.** ११ लाख बजेट विनियोजन गरेको छु ।

३. गाउँपालिका भित्र नयाँ सडक निर्माण र पुराना सडकहरुको स्तरोन्नतीको लागि रु.९१ लाख ५० हजार विनियोजन गरेको छु ।

४. गाउँपालिका भित्र रहेका सडकहरु बाह्रै महिना निर्बाध रुपमा सञ्चालन गर्नको लागि सडक सरसफाई तथा मर्मत शीर्षकमा रु.४२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।



गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

५. गाउँपालिकामा सङ्घीय सरकारका कार्यालयहरु तथा प्रदेश सरकार मातहतका कार्यालयहरु र विकास साझेदार संस्थाहरुसँगको लागत साझेदारीमा निर्माण गरिने विकास आयोजना तथा कार्यक्रमहरुका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु ।

६. संघ सरकार र प्रदेश सरकार लागत अन्तरगत समपूरक कोषका लागि रु. १ करोड ५ लाख बजेट विनियोजन गरेको छु ।

**भवन तथा शहरी विकासः**

१. संघीय सरकार र गाउँपालिकाको लागत साझेदारीमा निर्माण हुन लागेको गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु.१ करोड बजेट विनियोजन गरेको छु ।

२. गाउँपालिकाको १० शैया आधारभुत अस्पतालमा विविध संरचना निर्माणका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

३. सिमेश्वर प्राथमिक विद्यालय कुजाकोटको भवन मर्मतका लागि रु. २ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

४. वडा नं ४ को कार्यालय भवन निर्माणका लागि समपूरक कोषका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५. बर्थिङ सेन्टरहरुमा शौचालय निर्माणका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु ।

६. गन्यापधुरा गाउँपालिकाको वडा नं ३ मा रहेका गर्खा सामुदायिक भवन निर्माण का लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

**सिचाई तथा तटबन्धनः**

१. गाउँपालिकाको वडा नं ३ मा रहेको सेल्तडा बृहत सिचाई निर्माणका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु ।

२. गाउँपालिकाको वडा नं १ मा रहेको शेरा लिउडेखोला सिचाई कुलो निर्माणका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

३. गाउँपालिकाको वडा नं. २ मा रहेको डाङा सिचाई पोखरी निर्माण दर्पका लागि रु. ३ लाख बजेट विनियोजन गरको छु ।

४. दवान कापडी सिचाई कुलो निर्माण, तल्लो मड खेत सिचाई योजना निर्माणका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

५. खेतीयोग्य जमिनको कटान नियन्त्रणका लागि तटबन्धन कार्यक्रमका लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु।

६. गाउँपालिका अन्तर्गतका सिचाई पूर्वाधार विकास कार्यक्रमका लागि रु. ३७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल



इन्द्र बहादुर कार्की
अध्यक्ष

**खानेपानी तथा सरसफाईः**

१. गाउँपालिकामा रहेका खानेपानी योजनाहरुलाई व्यवस्थित गर्नका लागि खानेपानी मर्मत सम्भार कोषका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु ।
२. गणेशपुर सब सेन्टर खानेपानी व्यवस्थापनका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु ।
३. लामपानी खानेपानी योजना मर्मत र घण्टेश्वर खानेपानी योजना निर्माणका लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु ।
४. प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत मोई खानेपानी योजना निर्माणका लागि रु. २० लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।
५. आफ्नो गाउँ आफै राखौ सफा भन्ने कार्य अनुरुप सरसफाई फोहोरमैला सचेतीकरण तथा फोहोरको वर्गीकरण कार्यका लागि रु. २ लाख बजेट विनियोजन गरेको छु ।
६. गाउँपालिका अन्तर्गत खानेपानीको आवश्यकता भएका व्यक्ति तथा समाजको आवश्यकता परिपूर्तिका लागि खानेपानी क्षेत्र अन्तर्गत रु. ४४ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

**वन, वातावरण र विपद व्यवस्थापनः**

१. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन र वन संरक्षण गरी जल, जमीन तथा वातावरणको संरक्षणको लागि वन तथा वातावरणतर्फ रु. २ लाख बजेट विनियोजन गरेको छु ।
२. गाउँपालिकामा हुने विपद्का घटनामा सचेतना जगाउन विपद् प्रतिकार्य पूर्व अभ्यास कार्यक्रमका लागि रु. २ लाख बजेट विनियोजन गरेको छु ।
३. विपद् जोखिमका लागि विपद् व्यवस्थापन कोष मार्फत विपद्मा परेकाहरुलाई राहत वितरण तथा उद्दार कार्यमा स्रोतको प्रभावकारी परिचालन गर्न विपद् व्यवस्थापन कोषमा रु. २० लाख बजेट विनियोजन गरेको छु ।
४. संघीय सरकारको सर्शत अनुदान अन्तर्गत जलवायु अनुकुलन कार्यक्रमका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकासः**

१. गाउँपालिका अन्तरगतका राष्ट्रसेवक स्थायी कर्मचारीहरुको हकमा नेपाल सरकारले वृद्धि गरे अनुसारको पारिश्रमिक र गाउँपालिकाको कार्यालय मातहतका कार्यालय, आधारभुत अस्पताल र स्वास्थ्य संस्थाहरुमा कार्यरत करार कर्मचारीहरुको पारिश्रमिकको हकमा खाइपाई आएको शुरु तलबको १० प्रतिशतसम्म तलब वृद्धि गरेको छु ।
२. गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रविधिमैत्री बनाउनका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।
३. जनप्रतिनिधि, कर्मचारी अन्य व्यक्तिहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहको लागि तालिम, क्षमता विकास, सचेतीकरण लगायतका कार्यक्रमका लागि रु. १४ लाख बजेट विनियोजन गरेको छु ।
४. म्युरल आर्टिफिकेशन **2.5 D** निर्माण तथा वाल रेट्रोफिकेशन तथा रङ्ग रोगनका लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु ।



नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

४. गाउँपालिकाको समग्र विकास तथा सुशासनमार्फत सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनका लागि कर्मचारीहरुलाई उत्प्रेरित तथा प्रोत्साहन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
५. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन ई-हाजिरी जडान, सूचना तथा सफ्टवेयर जडान तथा सञ्चालनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३।०८४ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्दछु। आ.व. २०८३।०८४ मा यस गाउँपालिकालाई तपसिल बमोजिमको आय रकम प्राप्त हुने अनुमान गरिएको छ।

| सि.नं. | शीर्षक | अनुमानित रकम रु. |
|---|---|---|
| १ | संघ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | ७,९९,००००० |
| २ | संघ सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकम | ८,३८,०६,००० |
| ३ | संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान चालु | १६,३८,००,००० |
| ४ | संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान पुँजीगत | २,२७,००,००० |
| ६ | संघ सरकारबाट प्राप्त हुने विशेष अनुदान पुँजीगत | १,६२,००,००० |
| ७ | संघ सरकारबाट प्राप्त हुने समपुरक अनुदान पुँजीगत | १,४३,००००० |
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान | ६८,७६,००० |
| ९ | प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर रकम | २७,५४,००० |
| ११ | प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान पुँजीगत | ९०,००,००० |
| १३ | प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान पुँजीगत | ६६,५०,००० |
| १४ | प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान पुँजीगत | ७६,०१,००० |
| १५ | गाउँपालिकाको आन्तरिक आय (राजस्व संकलन) | ५२,००,००० |
| १६ | राजस्व बाँडफाँड स्थानीय सरकार | १,००,००० |
| १७ | गाउँपालिकाको आन्तरिक आय (संचित कोषमा मौज्दात रकम) | ६५,०००,००० |
| | **कुल जम्मा** | **४८,३८,८७,०००।** |

यसरी गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को कुल बजेट **रु. ४८,३८,८७,०००।** (**अक्षेरेपी अठ्चालिस करोड अठ्तीस लाख सतासी हजार मात्र**) हुन आउँछ। गाउँपालिकाको कूल बजेट मध्ये चालुतर्फ **रु.२९,५८,८६,९००।- (अक्षेरेपी उन्नतीस करोड अन्ठाउन्न लाख छयासी हजार नौ सय मात्र**) र पूँजीगततर्फ **रु.१८,८०,००,१००।-(अक्षेरेपी अठार करोड असी लाख एक सय मात्र**) विनियोजन गरिएको छ। गाउँपालिकाका पदाधिकारीहरुको सुविधा, कर्मचारीहरुको तलब भत्ता, अन्य प्रशासनिक खर्च, क्षमता विकासका कार्यक्रमहरु, सर्शत अनुदान तर्फका तलब भत्ता लगायतका कार्यक्रम समेत समावेश गर्दा चालु खर्चको अंश केही बढी देखिन गएको हो।



नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष

**आदरणीय अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३/०८४ को आय-व्ययको पूर्ण विवरण अनुसूचीमा छुट्टै उल्लेख गरेको छु ।

मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनका लागि गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम उपयोगबाट नागरिकको जिवनस्तरमा सुधार भई सुखी र समृद्ध गाउँपालिका निर्माणको अभियानमा सहयोग पुग्नुको साथै सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता एवं गुणस्तरमा अभिबृद्धि भई सुशासनको प्रत्याभुति हुने विश्वास लिएको छु ।

प्रस्तुत बजेट निर्माणका लागि सहयोग गर्ने बजेट तथा योजना तर्जुमा समिति तथा बजेट निर्माणमा मार्ग दर्शन गर्नु हुने गाउँपालिका अध्यज्यू, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका तथा गाउँ सभा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, शिक्षक, बुद्धिजीवी, समाजसेवी, पत्रकार, गाउँपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सुखी, समृद्ध र समुन्नत गाउँपालिका निर्माणको महान यात्रामा हातेमालो गर्दै सहभागी हुन आव्हान गर्दछु ।

**धन्यवाद !!!**



नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर कार्की
अध्यक्ष